खुमलटारसँग मनाङ स्तब्ध

नेपाल समाचारपत्र, काठमाडौं

मनाङ मस्र्याङदी क्लब जारी शहीद स्मारक ए डिभिजन लिगमा खुमलटार युवा क्लबसँग स्तब्ध भएको छ।

ए डिभिजन लिगको सर्वाधिक उपाधि जितेको मनाङ शनिबार आफ्नो ११औं चरणको खेलमा नवप्रवेशी टोली खुमलटारसँग २-१ ले पराजित भयो। खुमलटारका विदेशी खेलाडी मेसुकोशोलोमोटले दुवै गोल गरेका थिए। खेलमा एक पेनाल्टी चुकाइँदा मनाङले तीन अंक गै गुमाउनुपर्‍यो। यस जित्सँगै खुमलटारले ११ खेलबाट १३ अंक जोडेको छ। पराजित मनाङ १९ अंकमै अड्किरहेको छ।

कोफी टिमोथी कोदुसे पेनाल्टीमा एक गोल गर्दा अर्को गोल गर्न चुकेका थिए। उसरफ रंगशालामा भएको खेलमा पहिलो अगुवा खुमलटारले लिएको थियो। खेलको १२औं मिनेटमा मेसुकोले गोल गरे। पहिलो हाफ खुमलटार १-० को अगुवामा रहेको थियो।

दोस्रो हाफमा मनाङका कोदुसे ५४औं मिनेटमा पेनाल्टी प्रहार गोलमा परिणत गरी खेल १-१ बराबरीमा पुऱ्याए। ५१औं मिनेटमा कोदु पेनाल्टीबा चुकदा मनाङले २-१ को अगुवा बनाउने सुन्दर अवसर गुमायो। पेनाल्टी बक्समा अधिपंक बमजेन रन्दीप पोटेसलाई फाउल गरेपछि रेफरी स्वाम उदुवालले मनाङलाई पेनाल्टी प्रदान गरेका थिए।

खेल बराबरीतिर गइरहेको अवस्थामा मेसुकोले गोल गरेर मनाङको एक अंक पनि छिन्यो। इन्जुरी म्मयको थप गरिएको पाँचौं मिनेटमा मेसुकोले गोल गरेर मनाङलाई खगातार चार खेलमा अंकविहीन बनाइदिए। मनाङ लामौं चरणसम्म अपराजित रहेको थियो। यसपछि धने सातदोबाटो, नाजलाखेल, आर्मी र खुमलटारसँग टोली पराजित भएको छ।

चेल्सीको पहिलो गोल

भुतानिज फरवार्ड पेन्जी ब्याल्सेलले जारी लिगमा पहिलो गोल गरेका छन्। शनिबार ब्यासल मैदानमा भएको खेलमा मच्चिन्द्र एफसीले चिल्ला चेल्सीले एक गोल गरेका हुन्। यो खेलमा मच्चिन्द्रले फ्रेन्ड्ससाई २-१ ले हराएको हो। यो उनको छैटौं खेलमा पहिलो गोल हो। टोलीसाई जित दिलाउन अर्को गोल देवेन्द्र तामाङबाट भएको थियो।

फ्रेन्ड्सका लागि रोकिन अमिनुल गोल गरे। यस जित्सँगै मच्चिन्द्रको ११ खेलबाट ९ अंक पुगेको छ। पराजित फ्रेन्ड्स ११ खेलबाट ११ अंक जोडेर १२ औं स्थानमा छ।

जावलाखेलको अगुवा कायमै

यस सिजनको लिगमा १६ चरणको खेल समाप्तिसम्म नाजलाखेल युवा क्लबले शीर्ष स्थान कायमै गरिरहेको छ। शनिबार उसरफ रंगशालामा भएको खेलमा नाजलाखेलले चर्च ब्वाइन युनाइटेडलाई १-० ले हराएको हो। यसैसँगै नाजलाखेल २३ अंकसहित शीर्ष स्थानमा छ। पराजित चर्च ब्वाइज्को १८ अंक रहेको छ।

मेसुको गोलको खुशी मनाउँदै । स्रोत : एन्का

कीर्तिपुरमा वडा बास्केटबल शुरु

काठमाडौं, (नेस)

मंगलबार बेलुकाको कार्यक्रमअन्तर्गत यहाँ कीर्तिपुर नगरपालिका अन्तर वडा पुरुष तथा महिला बास्केटबल प्रतियोगिता शनिबार शुरु भएको छ।

कीर्तिपुर नगरपालिकाद्वारा आयोजित प्रतियोगिताअन्तर्गत महिलातर्फ पहिलो खेलमा वडा ३ ले वडा १० लाई ३२-२८ ले हराएको। सो खेलमा साफरिना मानन्धरले तथाधिक १७ हकोर गर्नुभयो। पुरुष बास्केटबलको उद्घाटन खेलमा पनि वडा नं ३ ले वडा नं १ लाई ६९-५१ हकोरमा पराजित गऱ्यो। सो खेलमा आस्मि थापा मगरले सम्भन्दा बढी २५ स्कोर गरे।

नगरप्रमुख राजकुमार नक्कर्मिले शनिबार मंगल खेलकुद कार्यक्रमको उद्घाटन गरेका हुन्। यस खेलकुद कार्यक्रममा बास्केटबलबाहेक भलिबल र ब्याडमिन्टन पनि हुनेछन्।

रुपेश र सुजना च्याम्पियन

नेपाल समाचारपत्र, काठमाडौं

जारी नेसनल बुद्धिचाल प्रतियोगिताको खुल्लातर्फको उपाधि किइ मास्टर रुपेश जैसवाल र महिला फिडे मास्टर सुजना लोहनीले हात पारेका छन्।

रुपेश र सुजना बंगलादेशमा यही मेला हुने वर्ल्ड च्याम्पियन गर्नेल एसियन जोनल ३- २ च्याम्पियनसिपमा नेपालको प्रतिनिधित्व गर्नेछन्। त्यसैगरी, उजबेकिस्तानमा हुने एसियन च्याम्पियनसिप र २०२४ मा हंगरीको बुडापेस्टमा हुने ४५औं चेस ओलम्पियाडको लागि पनि छनोट भएका छन्।

शनिबार समाप्त भएको सातौं चरणको खेलमा सुजनाले मोरडका शान्ति थिमाललाई पराजित परिन् भने आठौं चरणको खेलमा पर्साका सुमेरा गुरुङलाई बराबरी खेलेका थिए। राउन्ड रोबिनको आधारमा नवौं चरणसम्म हुने प्रतियोगिताको एक चरणको खेल बाकी रहेको अवस्थामा आठ खेलमा सात खेलमा जित र एक खेल बराबरी खेली साढे ७ अंक जोडेर उपाधि जितेका हुन्।

त्यसै उत्कृष्ट लयमा रहेका रुपेशले सातौं चरणको खेलमा शान्ति थिमाललाई पराजित परिन् भने आठौं चरणको खेलमा पर्साका सुमेरा गुरुङलाई बराबरी खेली अंक बढि भने आठौं चरणको खेलमा तोलखाका राजिव काजीसँग बीचको निकै रोचक खेलमा सफलता हात पारे। खेल बराबरी नर्फ अवसर खेलमा २७औं चालमा राजीवले गलत विश्लेषण गर्न पुगे।

सानो गल्तिलाई समातेर माहिर खेलाडी रुपेश कुरुन्तै फाइदा उठाए र राजीवलाई ६७औं चालमा खेल त्याग्न बाध्य बनाए। त्यसैगरी, सुबध नविना हात पारेका छिनिज आठौं चरणको खेलमा नेपाल च्याम्पियन पुरुषोत्तम चौलागाईलाई पराजित गरी ६ अंक हात पारी दोस्रो स्थानमा रहेका छन् भने एउटै नेपाल च्याम्पियन शुरुवीर लामा र चौथ वर्षीय खेलाडी पुरुषोत्तम निलबाल साढे ५ अंकसहित संयुक्तरुपमा तेस्रो स्थानमा रहेका छन्।

स्पेनका राजदूतद्वारा रेफ्री ढकाल सम्मानित

काठमाडौं, (नेस)

स्पेनमा अवस्थित नेपालको लागि नेपाली राजदूतावासमा आयोजित अघाई तथा सम्मान कार्यक्रममा नेपाली रेफ्रीवान्डीका अन्तर्राष्ट्रिय रेफ्री ढकाल सम्मानित भएका छन्।

बिगतलामो समयदेखि नेपालको प्रतिनिधित्व गरि विश्वका विभिन्न खेलहरुमा हुने विश्व वरीयताका अन्तर्राष्ट्रिय खेलहरुमा ढकाल निर्णायकको भूमिकामा रहेका छन्। खेलकुदको माध्यमबाट अन्तर्राष्ट्रिय जगतमा पुऱ्याउनु भएको अतुलनीय योगदानको उच्च मूल्याँकनका साथ ढकाललाई मोंटुर्तिस्थित नेपाली राजदूतावासमा सम्मानित गरियो। सम्मान कार्यक्रममा महामहिम शर्मिला पराजुली ढकाललै राजदूतावासमा बोलाइ ढकाललाई आफ्ना लगाएर सम्मान गरिए। उक्त कार्यक्रममा उहाले नेपाल र नेपालिहरुको जसमा खेलाडीहरुमा परेको विभिन्न समस्याहरुको बारेमा छलफल गर्नको सल्याह गर्न प्रतिबद्धतासमेत व्यक्त गरिन्।

ढकाललै स्पेनको अलिकान्तेमा सम्मान भएको विश्व वरीयताको २०औं स्पोनिस ओपन अन्तर राष्ट्रिय तेवान्दो प्रतियोगिताम निर्णायकको भूमिका निर्वाह गरेका थिए। युरोपियन तेवान्दो यूनियनबाट उक्त प्रतियोगिताका लागि उनलाई निर्णायक मण्डलमा छनोट गरेको थियो।

अन्तर्राष्ट्रिय दोस्रो श्रेणीका तेवान्दो निर्णायक ढकाललै यसअघि बेल्जियम, स्पेन फ्रान्स, पाकिस्तान, जर्मनी, चीनमा भएका अन्तर्राष्ट्रिय तेवान्दो प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गरिसक्नेछन्।

पदकधारी खेलाडी सम्मानित

हेटौंडा, (नेस)

बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगितामा पदक जित्न सफल मकवानपुरका खेलाडिलाई सम्मानित गरिएको छ।

जिल्ला खेलकुद विकास समिति मकवानपुरले वैशाख पहिलो साता भएको प्रदेशस्तरीय प्रतियोगितामा सहभागी खेलाडीलाई शनिबार सम्मान गरेको हो। समिति अध्यक्ष वेष खड्गीको सभाध्यक्षतामा भएको सम्मान कार्यक्रममा हेटौंडा उपमहानगर मेयर मीनाकुमारी लामाको प्रमुख आतिथ्यता थियो। प्रदेश खेलकुद परिषद् सचिवालय सचिव नूर्वलाल भण्डारी तथा मिशासेवी पुरनबहादुर जोशिलगायतले पनि खेलाडी सम्मान गरेका थिए।

साउदीले कतारलाई हरायो

नेपाल समाचारपत्र, काठमाडौं

जारी एसीसी प्रिमियर कपअन्तर्गत शनिबार भएको खेलमा साउदी अरेबियाले कतारलाई ७ विकेटले हराएको छ। यो साउदीको नारी प्रतियोगितामा पहिलो जित पनि हो। यसअघि साउदी पहिलो खेलमा मलेसियासँग ८ विकेटले पराजित भएको थियो।

कतारको भने यो लगातार दोस्रो हार थियो। कतार पहिलो खेलमा ओमानसँग ४० रनले पराजित भएको थियो। साउदीले तेस्रो खेल सोमबार प्रस्तु टोली नेपालसँग मुलपानी मैदानमा खेल्नेछ। कतारले तेस्रो खेल मंगलबार मलेसियासँग खेल्नेछ। समूह एमा नेपाल, ओमान, कतार, मलेसिया र साउदी छन्। यस्मा नेपालको ४ अंक छ भने ओमान, कतार र मलेसियाको २/२ अंक रहेको छ।

टोलीको जितमा ओपनर अब्दुल बहिदले शतक प्रहार गरे। २ सय १७ रनको मध्यम बिचयी साउदीले ३४.२ ओभरमा ३ विकेट गुमाउँदै पुरा गरेको थियो। यसमा बहिदले १ सय २४ रन बनाए। उनले १ सय ८ बलमा २१ चौका र १ छक्का प्रहार गरेका थिए।

बहिदको यो अन्तर्राष्ट्रिय करियरमा पहिलो शतकसमेत हो। उनले १८ बलमा बानई किकेटमा शतक प्रहार गरे। उनले बाबर उल हसनसँग १ सय १८ रनको साझेदार सार्थकीय साझेदारी गरे। उल हसनले ५५ रनको योगदान दिए। कतारका इकलाउल्लाह खानले दुई विकेट लिए।

यसअघि, त्रिवि किकेट मैदानमा पहिला ब्याटिङ गरेको कतार ४८.५ ओभरमा २ सय १६ रनमा अल आउट भएको थियो। कतारका मोहम्मद तनवियरले सर्वाधिक ४६ रन बनाए। ओपनर कामरान खानले ३५ रन र विकेटकिपर इमाल सियारोले ३१ रन बनाएका थिए। साउदीका तीव्र गतिका बलर इफ्तिक अहमदले १.३ ओभरमा ४ विकेट लिए।

अहराइलको हार

कुवेतले जारी एसीसी प्रिमियर कपमा अहराइलमाथि दुई विकेटको जित निकाल्यो। नितको लागि २ सय ५६ रन तोसिएकोमा कुवेतले ४४.२ ओभरमा ८ विकेट गुमाउँदै पुरा गरेको थियो। कुवेतको जितमा युवा खेलाडी बासित पटेलले शानदार खेल देखाए।

पटेलले ८१ बलमा मात्र २ चौका र १ छक्का प्रहार गरेका थिए। जिम्मेवारी ब्याटिङ गरेका उनी अन्तसम्म किनारा टिके। उनले ५३ रन बनाए। यस्तै, अर्का युवा खेलाडी मिट धावलासले ३४ रन बनाए। उनले भने ४३ बलमै ५ चौका प्रहार गरेका थिए। अदनान इद्रिसले ४६ बलमा ११ चौकासहित ५६ रन जोडेका थिए। अहराइलका अब्दुल मजिदले १ ओभरमा १ मेडनसहित ३१ रन खर्चेर ३ विकेट लिए।

यसअघि, मुलपानी मैदानमा अहराइलले निर्धारित ३० ओभरमा ७ विकेट गुमाउँदै २ सय ५५ रन बनाएको थियो। अहराइलका तल्लोक्रममा ब्याटर इयान अनवारले सर्वाधिक ४३ रनको योगदान दिएका थिए। उनले ९९ बलको मार्च सामना गरेका थिए। अन्यमा फौज अहमद ३८ रन, कप्तान हैदर अली २४, मुनीब अलिम ३५ र सोहिल अहमद ३४ रनमा आउट भए। कुवेतका सैयद मोनिबले १० ओभरमा १ मेडनसहित ४१ रन खर्चेर सर्वाधिक ४ विकेट लिए। कुवेत पहिलो खेलमा युएईसँग १ सय ४३ रनले पराजित भएको थियो।

एमबाप्पेको गोलमा पीएसजी विजयी

पेरिस, (एजन्सी)

फ्रान्सेली फरवार्ड कीलियन एमबाप्पेको दुई गोल मद्दतमा शीर्षस्थानमा रहेको पेरिस सेन्ट जर्मेन (पीएसजी) ले फ्रेन्च लिग जामका जित दर्ता गरेको छ।

पीएसजीले प्रस्तु टोली एन्जर्समाथि २-१ गोलअन्तरको जित निकालेर उपाधि जिएपे सम्भावनालाई बलियो बनाएको हो। प्रस्तु टोली एन्जर्सका साथ थियोक्ले एक गोल फर्काएका थिए। एन्जर्समा राकजार राति भएको खेलको नवौं मिनेटमा एमबाप्पेले गोल गर्दै पीएसजीलाई १-० को अगुवा दिलाएका थिए। उनले जुआन बर्नाटको पासमा गोल गर्न सफल भए। दोस्रो २५औं मिनेटमा एमबाप्पेले अतिक्रमण र टोलीका लागि दोस्रो गोल गर्दै पीएसजीको अगुवा दोब्बर पारे।

एमबाप्पेले बसपटक लियोनेल मेसीको पासलाई सदुपयोग गरे। त्रिस बापमा उनको यो २२औं गोल गोल हो। उनले २८ म्याच खेल्दा चार असिस्ट पनि प्रदान गरेका छन्। खेलको ८०औं मिनेटमा साबाले गोल गर्दै खेललाई २-१ को स्थितिमा ल्याए पनि त्यसपछि थप गोल निरकन नसकेर पीएसजी विजयी हुन सफल भयो। यस जित्सँगै शीर्षस्थानमा रहेको पीएसजीको ३२ खेलबाट ७६ अंक पुगेको छ। पराजित एन्जर्सको भने १४ अंक छ।

Government of Nepal
Ministry of physical infrastructure & Transport
Department of Roads
Road Division Hetauda
Makwanpur

Invitation for Bids

Tender Notice Number: 10/2079/080

First Date of Publication: 2080/01/10 (April 23 , 2023)

1. Road Division, Hetauda invites Open Competitive Bidding (Single Stage Single/Double Envelope Tender) from eligible bidders for the following contracts as mentioned below under National Competitive Bidding procedures:

S. N.	Contract Identification No.	Work Site & Work Descriptions	Est. Amount (Exclusive of VAT & Contingencies) NRs.	Bid Security Amount (NRs.)	Bid Validity Period/ Bid Security Validity Period	Bid Document Fees, NRs.
1	RDHTD/33701169/2079/080-54	Rigid Pavement Works along Gadhimai Bariyaarpur Kawaahi Road, Bara	42,54,287.94	110000.00	90 Days/120 Days	3000.00
2	RDHTD/33701138/2079/080-55	Road Improvement works along Chure-Hetauda-Lothar Section of M.R.M., Makwanpur	31,25,607.50	80000.00	90 Days/120 Days	3000.00

2. Information to deposit the cost of bidding document and bid security in the bank:

Office Name	District Treasury Controller Office (Ko.Le.Ni.Ka.) Hetauda, Makwanpur	Contract No.:	Pre-bid meeting	Last date of Submission	Opening
Name of Bank	Nepal Bank Limited, City Office, Hetauda	All	14th May 2023 (2080/01/31) Time: 11:00 AM	23rd May 2023 (2080/02/09) Time: 12:00 PM	23rd May 2023 (2080/02/09) Time: 13:00 PM
Rajaswa khata No.	001010000000001001001				
Rajaswa shirshak No.:	14229				
Deposit Account No.:	02501000002003000001				
Office code No.: -	337013201				

3. Bidder Can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp .
4. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064 (Twelveth Amendment-2079) and prevailing laws of Nepal. Any amendments in tender notice shall be published in e-procurement section.
5. Bank Guarantee shall be in the format specified in the bid documents.
6. Road Division, Hetauda reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

Division Chief